# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही

**होर्डिङ्ग बोर्ड एवं बिज्ञापन कर सम्वन्धी बोलपत्र आब्हानको सूचना ।**

**प्रकाशित मिति : २०८०/०४/०३**

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरु आ.ब. २०८०/०८१ देखी आ.ब. आ.ब. २०८२/०८३ (३ वर्ष) का लागि लालबन्दी नगरपालिकाले तोकेको दररेटमा संकलन गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा व्यक्तिहरुबाट निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७८/०७९ को करचुक्ताको प्रमाणित प्रतिलिपिहरू र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको लिखित निवेदनका साथ तोकिएको दस्तुरमा दरभाउपत्र फाराम यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले **१५(पन्ध्र)** दिनभित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र **१६(सोह्रौं) दिनको मध्यान्ह १२:०० बजे भित्र** पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ०९-०८०/०८१ | होर्डिङ्ग बोर्ड एवं विज्ञापन कर सम्बन्धी | लालबन्दी नगरपालिका क्षेत्र | रु.५,६२,१००।- (३ आ.ब.का लागि एकमुष्ट) | १०००।- | |

**सर्तहरु :**

१. ठेक्का अवधी सम्झौता भएको मितिदेखी २०८३ आषाढ मसान्त सम्मको हुनेछ ।

२. धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा “क” वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ । धरौटी बापतको रकम यस कार्यालय तथा वडा कार्यालयहरुबाट नगद बुझिने छैन ।

३. दरभाउपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क दरभाउपत्र दाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

५. स्वीकृत बोलपत्रदाताले ३ वर्षको लागि कवोल गरेको कुल रकम एकमुष्ट जम्मा गर्न चाहेमा ७(सात) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट जम्मा गरि सम्झौता र कार्यादेश लिन सक्नेछ वा कबोल गरेको कुल रकमलाई ३ आ.ब.को लागी ३ किस्तामा विभाजन गरिनेछ । प्रथम किस्ता (आ.ब.२०८०/०८१) बापतको रकम बोलपत्र स्वीकृत भएको मितिले ७(सात) दिन भित्र कुनै छुट नहुने गरी यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२ मा जम्मा गर्नु पर्नेछ । सो को आधारमा सम्झौता गरि कार्यादेश दिईनेछ । दोस्रो र तेस्रो किस्ता बापतको रकममा क्रमश: १० प्रतिशतका दरले बृद्धि हुदैं जानेछ र प्रत्येक आ.ब.को श्रावण मसान्त भित्र एकमुष्ट नगद रकम जम्मा गरि कार्यादेश लिईसक्नु पर्नेछ । उक्त एकमुष्ट नगद रकम जम्मा गरि कार्यादेश लिन नसकेमा बोलपत्र दाताको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरि बाँकी रकम भुक्तानी गरिनेछ ।

७. जुन व्यक्ति वा फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र दरभाउपत्र दर्ता गर्न सकिनेछ। अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको दरभाउपत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन ठेक्काको लागि दरभाउपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको ठेक्कामा पर्न आएको दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फारम खरिद गरी १६(सोह्र) दिनको मध्यान्ह १२:०० वजे भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिनेछ र सोही दिनको ०२:०० वजे लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा दरभाउपत्र खोल्ने कार्य हुनेछ । दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भै सकेको दरभाउपत्र फिर्ता हुने छैन ।

१०.दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**